राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 23, Issue 10 No. 164 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Jestha 2081 (May/June-2024)

## मुगुको गमगढीमा पुग्यो एनटी फाइबर, अब हुम्ला मात्र बाँकी



नेपाल टेलिकमले मुगुको सदरमुकाम गमगढीमा एफटीटीएच (फाइबर टु द होम) प्रविधिमार्फत एनटी फाइबर सेवा उपलब्ध गराएको छ। गत जेठ ६ गते एक कार्यक्रमका बिच सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले भर्चुअल रुपमा सो सेवाको शुभारम्भ गर्नुभयो।

सो अवसरमा मन्त्री शर्माले नेपाल टेलिकमले व्यवसाय मात्रै नहेरी दूरदराजमा रहेका नागरिकलाई सेवा विस्तार गरिरहेकाले साथ र सहयोग प्रदान गर्न सबैको ध्यानाकर्षण गराउँदै अब जिल्लाका सरकारी कार्यालय, सामुदायिक विद्यालय तथा स्थानीय सरकारले सहज रुपमा नागरिकलाई सेवा विस्तार गर्न सक्ने विश्वास व्यक्त गर्नुभयो।

मन्त्री शर्माले विकट पहाडी क्षेत्रमा विद्युत सेवाको अभावमा नेपाल टेलिकमको टावर सञ्चालनमा समस्या परेको तथ्य पेस गर्दै यसका लागि विद्युत प्राधिकरणसँग समेत समन्वय भइरहेको र आगामी दिनमा सो समस्या समाधान हुने बताउनु भयो।

सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा आगामी दश वर्षलाई सूचना

(बाँकी पृष्ठ २ मा)

## पाटन र सैंबु एनटी फाइबरमा स्तरोन्नति




नेपाल टेलिकमले दूरसञ्चार कार्यालय, पाटन अन्तर्गत पाटन र सैंबुमा पुरानो कपर प्रविधिबाट सञ्चालित पीएसटीएन र एडीएसएल सेवालाई आधुनिक फाइबर प्रविधिको एफटीटीएच (फाइबर टु द होम) नेटवर्कमा पूर्ण रुपमा स्तरोन्नति गरेको छ। गत जेठ ११ गते दूरसञ्चार कार्यालय, पाटनमा आयोजित एक कार्यक्रममा प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले पुरानो कपर प्रविधिमार्फत सञ्चालित सेवा बन्द गर्नुभयो।

सो अवसरमा प्रबन्ध निर्देशक पहाडीले पुरानो कपर प्रविधिलाई आधुनिक फाइबर प्रविधिमा रुपान्तरण गर्ने कार्य कम्पनीको प्रगतिको कदम भएको उल्लेख गर्दै यस कार्यका लागि अथक प्रयास र प्रयत्न गर्ने

(बाँकी पृष्ठ २ मा)

## Conference on Sustainable Telecommunication Sector in Nepal मा नेपाल टेलिकमको सहभागिता




World Telecommunication and Information Society Day 2024 को अवसरमा Conference on Sustainable Telecommunication Sector in Nepal सम्पन्न भएको छ। नेपाल दूरसञ्चार प्राधिकरणले गत जेठ ४ गते (२०२४ मे १७) विश्व दूरसञ्चार तथा सूचना समाज दिवस २०२४ को अवसरमा आयोजना गरेको सो कन्फ्रेन्समा सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माको प्रमुख आतिथ्यता रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले नेपालको दूरसञ्चार क्षेत्रको विकासमा अन्तर्राष्ट्रिय दूरसञ्चार संघले गर्दै आएको सहयोगको लागि धन्यवाद दिँदै विश्व परिवेशमा इन्टरनेट र टेलिफोनको पहुँचमा देखिएको डिजिटल डिभाइड कम गर्न ITU ले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो।

मन्त्री शर्माले दूरसञ्चार क्षेत्रको विकासको लागि संयुक्त राष्ट्रसंघले निर्धारण गरेको लक्ष्यलाई ध्यानमा राखी नेपालले शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकासमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग वृद्धि गर्दै डिजिटल पूर्वाधार निर्माणमा जोड दिएको समेत बताउनुभयो। नेपाल टेलिकमले फाइबर मार्फत उच्च गतिको इन्टरनेट सेवा विस्तार गरेको उल्लेख गर्दै मन्त्री शर्माले पूर्वाधार सहप्रयोग मार्फत पूर्वाधारमा लागत कम गरी ग्राहकलाई कम शुल्कमा सेवा प्रदान गर्ने नीति सरकारले लिएको उल्लेख गर्नुभयो। उहाँले नेपाललाई ग्लोबल सूचना प्रविधि हबको रुपमा विकास गर्ने सरकारको नीति रहेको उल्लेख गर्दै सरकारको नीति कार्यान्वयन मार्फत आर्थिक लक्ष्य प्राप्तिका लागि सबै पक्षले हातेमालो गरी अघि बढ्ने कार्यमा सहयोगको अपेक्षा समेत व्यक्त गर्नुभयो।

(बाँकी पृष्ठ २ मा)

# मुगुको गमगढीमा पुग्यो ...

(पृष्ठ १ को बाँकी)

प्रविधि दशकका रुपमा मनाउन लागेको जानकारी दिदैं उहाँले सूचना प्रविधिको अधिकतम उपयोग गरेर मात्रै आर्थिक समृद्धिको लक्ष्य हासिल हुनसक्ने भएकाले यसलाई सार्थक बनाउन सबैको साथ र सहयोगको अपेक्षा सरकारले गरेको उल्लेख गर्नुभयो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवम् नेपाल टेलिकम, सञ्चालक समितिका अध्यक्ष रामकृष्ण सुवेदीले निजी क्षेत्र पुग्न नसक्ने स्थानमा सरकारी निकाय नै पुग्नुपर्ने र सेवा दिनुपर्ने उल्लेख गर्दै नेपाल टेलिकमको भूमिका ग्रामीण दूरदराजका क्षेत्रमा महत्वपूर्ण रहेको बताउनु भयो । उहाँले चुनौतीलाई नै अवसरमा बदलेर मन्त्रालय र टेलिकम अगाडि बढेको जानकारी दिँदै विकटका नागरिकलाई सरकार भएको अनुभूति गराउनु पर्ने तथा गुणस्तरीय र सर्वसुलभ रुपमा टेलिकमको सेवा उपलब्ध गराउनका लागि अझै मेहनत गर्नु जरुरी रहेको बताउनु भयो ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले सेवा उपलब्ध नभएका देशका विकट स्थानमा समेत कम्पनीले सेवा उपलब्ध गराइरहेको बताउनु भयो । दुर्गम स्थानमा विद्युतको अभावमा अधिकांश स्थानमा सोलारबाट सेवा सञ्चालन गर्नुपर्ने बाध्यता रहेको र आगामी दिनमा यस्ता बाध्यता क्रमशः हट्दै जाने आशा गर्दै यसो भयो भने सेवा समेत गुणस्तर हुने विश्वास व्यक्त गर्नुभयो ।

आमनागरिकलाई सहज रुपमा सेवा विस्तारका लागि आफूहरु सरकारको निर्देशनमा दत्तचित्त भएर लागिपरेको बताउँदै उहाँले दुर्गम स्थानमा बिजुलीको अभावमा सहज रुपमा सेवा विस्तारमा कठिनाई भएको भन्दै समस्या समाधानका लागि मन्त्रालयको ध्यानाकर्षण समेत गराउनुभयो ।

मुगु जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने प्रतिनिधि सभा सदस्य ऐन बहादुर शाहीले विकासमा पछि परेको मुगु जिल्लामा एफटीटीएच सेवा पुगे पश्चात जनताहरुले सहज रुपमा सेवा प्राप्त गर्न सक्ने अपेक्षा गर्दै आगामी दिनमा अन्य ग्रामीण क्षेत्रमा समेत सेवा विस्तार हुने विश्वास व्यक्त गर्नुभयो ।

मुगु जिल्लाका प्रमुख जिल्ला अधिकारी टोपेन्द्र बहादुर के.सी., जिल्ला समन्वय समिति मुगुका प्रमुख मञ्जन बहादुर कार्की लगायतका वक्ताहरुले टेलिकमले सेवा शुरु गरेकोमा प्रसन्नता व्यक्त गर्दै गुणस्तरीय सेवाको अपेक्षा गर्नुभयो ।

कार्यक्रममा नेटवर्क तथा सेवा सम्बन्धमा वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका प्रबन्धक मिलन श्रेष्ठ र प्रादेशिक निर्देशनालय सुर्खेत, कर्णाली प्रदेशका निर्देशक उमेश प्रसाद साहबाट प्रस्तुतीकरण भएको थियो । त्यसैगरी कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै नेपाल टेलिकम, दू.सं.का. मुगुका कार्यालय प्रमुख प्रेमराज आचार्यले सबैलाई स्वागत गर्नुभएको थियो ।

हाल रुकुमकोटमा दुई वटा एफडीसी (फाइबर डिस्ट्रिब्युसन क्याबिनेट) मार्फत १०२४ लाइन क्षमताको नेटवर्क तयार गरिएको छ । अब गमगढीमा एनटी फाइबर सेवामार्फत तीव्र गतिको डाटा, भ्वाइस र आईपीटीभी सेवा उपलब्ध गराउन सकिने छ । हाल गमगढीमा रहेका करिब चार सय भ्वाइस र एडीएसएल सेवाग्राहीलाई पनि एफटीटीएच प्रविधिमा रुपान्तरण गरी थप ग्राहकलाई समेत गुणस्तरीय सेवा उपलब्ध गराइने छ ।

नेपाल टेलिकमले यसका लागि सुर्खेत देखि दैलेखको दुल्लु सम्म अप्टिकल नेटवर्क विस्तार गरेको छ भने दैलेख देखि माबुको लेक, डाँफेको लेक र रुगा हुँदै गमगढी सम्म वानजी रेडियोमार्फत सेवा विस्तार गरेको छ ।

यससँगै एफटीटीएच प्रविधिमार्फत एनटी फाइबर उपलब्ध भएका जिल्लाको संख्या ७६ पुगेको छ । अब हुम्लामा मात्र यो सेवा पुग्न बाँकी छ । आगामी आर्थिक वर्षमा हुम्ला जिल्लामा समेत यो सेवा पुऱ्याउने कम्पनीको योजना छ ।

एफटीटीएच प्रविधिमार्फत परम्परागत तामाको तारको सट्टामा घरसम्म अप्टिकल फाइबर पुऱ्याई ट्रिपल प्ले अर्थात भ्वाइस, उच्च गतिको इन्टरनेट र आईपीटीभी सेवा प्रदान गर्न सकिने भएकोले ग्राहकका लागि यो सेवा प्रभावकारी र उपयोगी छ । कम्पनीले यो सेवालाई 'एनटी फाइबर' को नाममा ब्रान्डिङ गरेको छ ।

नेपाल टेलिकमले एनटी फाइबर अन्तर्गत व्यक्तिगत र कर्पोरेट युजरका लागि विभिन्न प्याकेज समेत उपलब्ध गराइरहेको छ ।

(पृष्ठ १ को बाँकी)

# Conference on Sustainable ...

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव तथा नेपाल टेलिकम, सञ्चालक समिति अध्यक्ष रामकृष्ण सुवेदीले सञ्चार तथा सूचना प्रविधिको माध्यमबाट संसार ग्लोबल भिलेजको रुपमा स्थापित भइसकेको उल्लेख गर्दै प्रविधिको विकास र विस्तारलाई आत्मसात् गर्न सरकारी सेवा डिजिटल माध्यमबाट अगाडि बढेका र सञ्चार तथा सूचना प्रविधिमा आएको आमूल परिवर्तनको कारणले आर्थिक सामाजिक रुपान्तरण गर्न सम्भव भएको कुरा बताउनुभयो ।

नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भुपेन्द्र भण्डारीले विद्यमान प्रविधिहरुको उच्चतम प्रयोग गर्दै डिजिटल इनोभेसन मार्फत दिगो विकासका लक्ष्य प्राप्ति र समावेशी समाज निर्माणमा सबैले आ-आफ्नो क्षेत्रबाट अझ बढी योगदान गर्नुपर्ने बताउनुभयो । साथै उहाँले विद्यमान दूरसञ्चार बजारमा केही चुनौतीहरु रहेको बताउँदै ती चुनौतीहरुलाई अवसरमा बदलेर प्रतिस्पर्धी दूरसञ्चार बजारलाई दिगो बनाई दूरसञ्चार तथा सूचना प्रविधिबाट भएको विकासको प्रयोग गरी स्वास्थ्य, शिक्षा, सरकारी क्षेत्र, कृषि, वित्त लगायतका क्षेत्रको डिजिटाइजेसन र डिजिटल इनोभेसन मार्फत डिजिटल ट्रान्समिसन गर्नु आजको आवश्यकता रहेको समेत बताउनुभयो ।

सो Conference मा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) Way Forward for Sustainable Telecom Market शीर्षकको Panel Discussion मा सहभागी हुनुभयो भने प्रबन्धक डा. विमल आचार्यले Telecom Market of Nepal : Status, Challenges and Opportunities विषयमा प्रस्तुतीकरण गर्नुभयो ।

उक्त Panel Discussion मा बोल्दै प्रबन्ध निर्देशक पहाडीले अन्तर्राष्ट्रिय दूरसञ्चार बजारमै भ्वाइस सेवाको राजस्वमा गिरावट आएको र सो राजस्व डाटा सेवातर्फ रुपान्तरण भएको बताउनु भयो । उहाँले युरोप र एसिया-प्यासिफिक क्षेत्रको सन्दर्भ फरक रहेको बताउनुका साथै नेपालमा फाइभजी सेवाको विस्तार र दूरसञ्चार पूर्वाधारको विकास सँगसँगै लैजानुपर्नेमा जोड दिनुभयो । साथै प्रस्तुतीकरणका क्रममा प्रबन्धक बिमल आचार्यले नेपाल टेलिकमले प्रदान गरिरहेका सेवाहरुको बारेमा जानकारी प्रदान गर्नुका साथै प्रविधिको क्षेत्रमा नेपाल टेलिकमको योगदानका बारेमा चर्चा गर्नुभएको थियो ।

चार सेसनमा सम्पन्न उक्त कार्यक्रममा टेलिकम क्षेत्र सम्बद्ध व्यक्तित्वहरुको उपस्थिति रहेको थियो भने समसामयिक बिषयहरुमा प्यानल डिस्कसन समेत सम्पन्न भएको थियो ।

(पृष्ठ १ को बाँकी)

# पाटन र सैंबु एनटी ...

सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । साथै उहाँले नेपाल टेलिकम पुरानो प्रविधिलाई विस्थापित गरी नयाँ प्रविधि भित्र्याउने लक्ष्य प्राप्तिमा लागेको समेत बताउनुभयो ।

कार्यक्रममा कम्पनीका प्रमुख सञ्चालन अधिकृत तथा प्रमुख प्राविधिक अधिकृत झविन्द्र लाल उपाध्याय, बागमती प्रादेशिक निर्देशनालयका निर्देशक रीना डंगोल र दूरसञ्चार कार्यालय, पाटनका कार्यालय प्रमुख नीरज न्यौपाने लगायत विभिन्न वक्ताहरुले कम्पनीले समयक्रम अनुसार नयाँ प्रविधि अवलम्बन गर्ने क्रममा कम्पनीको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका पुरानो प्रविधि विस्थापित गरिरहेको बताउनु भयो । उहाँहरुले कम्पनीले आधुनिक प्रविधिलाई सदैव आत्मसात गर्ने कार्यलाई जारी राख्ने बताउनु भयो ।





कपर प्रविधिको पुरानो जे-र्‍याक एक्सचेन्जको क्षमता करिब ३६ हजार रहेकोमा हाल पाटन कार्यालयमा एफटीटीएच नेटवर्कको लागि जडान रहेको ओएलटीको क्षमता ५३ हजार ४ सय र सक्रिय ग्राहक २० हजार भन्दा बढी रहेका छन् । त्यसैगरी दूरसञ्चार कार्यालय, सैंबुमा ३ हजार भन्दा बढी ग्राहक छन् ।

एफटीटीएच प्रविधि अन्तर्गतको एनटी फाइबरमार्फत सेवाग्राहीले एउटै तारबाट एचडी गुणस्तरको आवाजसहितको टेलिफोन, तीव्र गतिको इन्टरनेट र टेलिभिजन सेवा पनि प्रयोग गर्न सक्नेछन् ।

नेपाल टेलिकमले देशभर रहेका पुरानो कपर प्रविधिलाई विस्थापन गर्ने कार्यलाई जारी राखेको छ । यो कार्य नियमित रुपमा भइरहको छ र केही समय पछि देशभरका सम्पूर्ण नेटवर्क स्तरोन्नति हुनेछ ।

# ३९ देशका ५० अपरेटरको नेटवर्कमा नेपाल टेलिकमको प्रिपेड रोमिङ सेवा

नेपाल टेलिकमको प्रिपेड मोबाइलमार्फत हाल ३९ देशमा रोमिङ सुविधा प्रयोग गर्न सकिन्छ। सेवाग्राहीले विश्वका विभिन्न ३९ देशमा नेपाल टेलिकमकै प्रिपेड मोबाइलमार्फत भ्वाइस, डाटा र एसएमएस सेवा चलाउन सक्छन्। यसका लागि ती देशहरुमा रहेका ५० अपरेटरसँग सम्झौता सम्पन्न भई सेवा सञ्चालनमा रहेको छ।

नेपाल टेलिकमले विदेशमा जाने वा बस्ने नेपालीहरुलाई लक्षित गरी उपलब्ध गराएका विभिन्न सुविधा मध्ये रोमिङ सेवा निकै नै उपयोगी छ।

हाल नेपाल टेलिकमकै प्रिपेड सिम प्रयोग गरी अष्ट्रेलिया, अष्ट्रिया, बहराइन, बंगलादेश, बेल्जियम, क्यानडा, चीन, ग्रीस, हंगेरी, आइसल्यान्ड, भारत, आयरल्यान्ड, इजरायल, इटाली, जापान, कजाकस्तान र लक्जेम्बर्गमा रोमिङ सेवा प्रयोग गर्न सकिन्छ। त्यसैगरी मलेसिया, मकाउ, माल्टा, म्यानमार, नेदरल्यान्ड, न्युजिल्यान्ड, ओमान, पाकिस्तान, फिलिपिन्स, कतार, रसिया, साउदी अरेबिया, सिंगापुर, दक्षिण कोरिया, श्रीलंका, स्विजरल्यान्ड, युएई, युके, युएसए, उज्बेकिस्तान र भियतनाममा समेत रोमिङ सेवा प्रयोग गर्न सकिन्छ। रोमिङ सेवा अन्तर्गत भ्वाइस, डाटा र एसएमएस सेवा प्रयोग गर्न सकिन्छ।

रोमिङ सुविधा प्रयोग गर्नका लागि ग्राहकहरुले अन्तर्राष्ट्रिय रोमिङ सेवा सुचारु गरेको हुनुपर्दछ। कम्पनीका ग्राहकहरुले नेपालमै रहँदा आफ्नो मोबाइलबाट युएसएसडी कोड *1415*7# डायल गरी वा प्रिपेड ग्राहकहरुले नेपाल टेलिकम एपमार्फत अन्तर्राष्ट्रिय रोमिङ सेवा सुचारु गर्न सक्नेछन्।

नेपालमा भएको समयमा रोमिङ सेवा एक्टिभ नगरी विदेश गएमा त्यहीबाट पनि यो सेवा एक्टिभ गर्नको लागि इमेल मार्फत अनुरोध गर्न सकिन्छ। यसका लागि सबैभन्दा पहिले नेपाल टेलिकमको वेबसाइटमा रहेको डाउनलोड लिंक (https://www.ntc.net.np/downloads अन्तर्गत International Roaming मा क्लिक गरी Prepaid Roaming Registration Form डाउनलोड गरी रीतपूर्वक फारम भरिसके पछि आफ्नो नागरिकता वा पासपोर्टको प्रतिलिपि र भरिएको फारमलाई roaming.support@ntc.net.np मा इमेल गर्नुपर्छ। यसरी इमेल मार्फत प्राप्त भएको सेवा एक्टिभेसन अनुरोधलाई नेपाल टेलिकमको रोमिङ सपोर्ट टिमले प्रमाणिकरण गरी (अनुरोधकर्ताको नाम, ठेगाना लगायत अन्य विवरण कम्पनीको सिस्टममा उपलब्ध विवरणसँग मेल खाने/नखाने यकिन गरी) नियमपूर्वक अनुरोध प्राप्त प्रिपेड मोबाइलमा रोमिङ सेवा उपलब्ध गराइन्छ। यति भए प्रिपेड सिममा रोमिङ सेवा एक्टिभ हुन्छ।




यस प्रकार रोमिङ सेवा एक्टिभ गराइसके पछि आफूले प्रयोग गर्ने मोबाइलमार्फत सम्बन्धित देशको मोबाइल सेवाप्रदायक (अपरेटर) को नेटवर्कसँग जोडिनु (Latch हुनु) पर्छ। सामान्यतः स्वचालित रुपमा नेटवर्कसँग जोडिन (Auto Latch) सक्छ। यदि Auto Latch भएन भने रोमिङ पार्टनरको नेटवर्क सर्च गरेर नेटवर्कमा Manual Latch गर्नुपर्छ।

रोमिङ सेवा बारेमा विस्तृत विवरण https://www.ntc.net.np/services/international-roaming लिंकमा हेर्न सकिन्छ। त्यसैगरी प्रिपेड रोमिङ सेवा उपलब्ध भएका देशहरुको सूची र महसुल दर https://www.ntc.net.np/tariff/international-roaming-tariff-gsm-prepaid मा हेर्न सकिन्छ।

# विकट क्षेत्रमा निरन्तर सेवा विस्तार गर्दै नेपाल टेलिकम

नेपाल टेलिकमले देशभरका विभिन्न विकट स्थानमा सेवा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइरहेको छ। यसै सन्दर्भमा विगत दुई महिनाको अवधिमा विभिन्न स्थानमा नेपाल टेलिकमले टुजी देखि फोरजी सम्मका सेवा विस्तार कार्यका लागि आवश्यक टावर निर्माण सम्पन्न गर्नुका साथै ती स्थानमा सेवा समेत सञ्चालनमा ल्याएको छ।

कम्पनीले मुगु जिल्लाको सोरु गाउँपालिकाको काछेकोटमा माइक्रोवेभ रेडियोमार्फत टुजी र फोरजी सेवा सञ्चालनमा ल्याएको छ। त्यसैगरी जुम्ला जिल्लाको तिला गाउँपालिकाको साइट मालिकाठाटा, दैलेख जिल्लाको नौमुले गाउँपालिकाको बिन्दवासिनी (चौरथा), सल्यान जिल्लाको दार्माकोट गाउँपालिकाको दार्माकोट, रोल्पा जिल्लाको लुङ्ग्री गाउँपालिकाको बडाचौर, नम्जा तथा सल्यान जिल्लाको बाग्चौर नगरपालिकाको कोटमौला र डोल्पा जिल्लाको त्रिपुरासुन्दरी नगरपालिकाको पहाडा लिकुमा टुजी तथा फोरजी सेवा सञ्चालनमा आएको छ।




नेपाल टेलिकमले शहरी र सुगम क्षेत्रमा मात्र नभई भौगोलिक हिसाबले देशभरका अत्यन्त विकट तथा जनसंख्याको कोणबाट निकै कम मानिसहरु रहने दुर्गम वस्तीहरुमा पनि अत्याधुनिक प्रविधिका दूरसञ्चार सेवाहरु विस्तार गरिरहेको छ। यातायात तथा विद्युतको पहुँच समेत नपुगेका टाढाका हिमाली तथा पहाडी गाउँहरुमा समेत कम्पनीले हेलिकप्टरबाट उपकरण र सामानहरु ओसारेर अत्याधुनिक दूरसञ्चार सेवाहरु उपलब्ध गराउँदै आएको छ।

सबै स्थानमा रहेका नेपालीको जनजीवन सहज तुल्याउन र जीवनस्तर उकास्ने कार्यमा महत्वपूर्ण भूमिका नेपाल टेलिकमले निर्वाह गर्दै आइरहेको छ। यस्ता स्थानहरुमा कम्पनीले गरेको लगानीबाट व्यवसायिक लाभ हासिल हुँदैन। यो विशुद्ध रुपमा 'नेपाल टेलिकम राष्ट्रको सञ्चार' भन्ने कम्पनीको मुल नारालाई साकार बनाउने प्रयास मात्र हो। नवीन प्रविधिहरुको प्रयोगबाट निरन्तर अत्याधुनिक दूरसञ्चार सेवाहरुको विस्तारका साथै गुणस्तरीय सेवाको निरन्तरताका लागि कम्पनीले प्रविधि र प्रणालीको नियमित स्तरोन्नति गर्ने गरेको छ।















# एनटी फाइबर वारेमा बारम्बार सोधिने प्रश्नहरु र तिनको समाधान

## एनटी फाइबर के हो ?

नेपाल टेलिकमले हाल एफटीटीएच अर्थात फाइबर टु द होम प्रविधिमा आधारित एनटी फाइबर सेवा उपलब्ध गराइरहेको छ। अत्याधुनिक प्रविधिको एनटी फाइबरमार्फत एउटै तारबाट एचडी गुणस्तरको आवाजसहितको टेलिफोन, तीव्र गतिको इन्टरनेट र टेलिभिजन सेवा समेत प्रयोग गर्न सकिन्छ। नेपाल टेलिकमले उपलब्ध गराइरहेको एनटी फाइबर हाल सेवाग्राहीले निकै नै रुचाएको पाइएको छ।

## एनटी फाइबर सेवा जडान तथा मर्मतका लागि के गर्ने ?

नेपाल टेलिकमले एनटी फाइबर ग्राहकहरुको सुविधाका लागि मर्मत सम्भार मात्र नभई जडान अनुरोध समेत दर्ता गर्न मिल्ने गरी निःशुल्क १९८ उपलब्ध गराएको छ। यसको लागि १९८ नम्बर थिच्नुहोस्। त्यसपछि फाइबर जडान तथा मर्मतका लागि अंक १ थिचेर ग्राहक सेवा प्रतिनिधिहरुसँग आफ्नो जिज्ञासाहरु राख्न सक्नुहुनेछ।

## एनटी फाइबरको वाइफाई सीपीई अर्थात राउटर (WiFi CPE/Router) को अधिकतम सिग्नल र कभरेजको लागि उपयुक्त स्थान कुन होला ?

धेरै जसो अवस्थामा हामीले वाइफाईको सिग्नल कमजोर वा कभरेज नभएको बेला ब्यान्डविथ स्पिड अपग्रेड तिर ध्यान दिन्छौं। तर हाम्रो वाइफाईका लागि प्रयोग हुने सीपीई अर्थात राउटरको अवस्थितिको कारणले पनि सो समस्या उत्पन्न भएको हुनसक्छ। यसको समाधानका लागि तल दिइएका सुझावहरु अपनाउन सकिन्छ :

- सीपीईलाई सकेसम्म घरको केन्द्रबिन्दु पर्ने स्थानमा राख्नुहोस्।
- उच्च स्थानमा सीपीईलाई राख्नुहोस्।
- खुला र सिग्नल अवरोध नहुने स्थानमा सीपीइलाई राख्नुहोस्।
- आफ्नो सीपीई इलेक्ट्रोनिक्स सामानहरु नजिकै नराख्नुहोस्।
- आफ्नो सीपीइलाई बाक्लो भित्ता वा कोठाभित्र नराख्नुहोस्।
- दुई वा दुई भन्दा बढी सीपीई एकै स्थानमा नराख्नुहोस्।
- सीपीइको एन्टेनाले पनि वाइफाईको स्पिडमा फरक पार्दछ। त्यसैले दुई एन्टेनाको अवस्थामा एउटालाई ठाडो र अर्कालाई तेर्सो पारेर राख्नुपर्छ।

## एनटी फाइबरको वाइफाई Username र Password सेटिङ NT App बाट कसरी गर्न सकिन्छ ?

एनटी फाइबरको Default वाइफाई युजर नेम र पासवर्ड सीपीई अर्थात राउटरको पछाडि भागमा लेखिएको हुन्छ। सो युजर नेम र पासवर्ड एनटी मोबाइल एपबाटै निम्नानुसार फेर्न सकिन्छ :




- सुरुवातमा नेपाल टेलिकम एप डाउनलोड गर्नुहोस्। एन्ड्रोइड डिभाइस भए प्ले स्टोर र आइफोन भए एप स्टोरबाट एप डाउनलोड गर्न सकिन्छ।
- एपमा लग-इन गरेर FTTH Tab भित्र आफ्नो CPE Serial Number इन्टर वा CPE barcode स्क्यान गर्नुहोस्
- त्यसपछि FTTH ड्यासबोर्ड भित्रको सेटिङमा आफ्नो वाइफाई नेम राखेर Update SSID र वाइफाई पासवर्ड राखेर Update Password गर्नुहोस्
- अब तपाईको नयाँ वाइफाई युजर नेम र पासवर्ड सेट भयो। पासवर्ड सुरक्षित साथ राखेर भविष्यमा वाइफाई कनेक्सनको लागि प्रयोग गर्न सक्नुहुनेछ।

## एनटी फाइबरको भुक्तानी अनलाइनबाट कसरी गर्न सकिन्छ ?

एनटी फाइबरको भुक्तानी विभिन्न अनलाइन माध्यमहरुबाट सजिलै गर्न सकिन्छ :

क) पुरानो एनटी फाइबर प्याकेज नै जारी राख्न नमस्ते पे, ई-सेवा, खल्ती तथा विभिन्न बैंक र वित्तीय संस्थाहरुको मोबाइल बैंकिङ एपमार्फत एनटी फाइबरको Subscriber No (NTFTTH पछिको 9 Digit) र Amount राख्नुहोस्।

ख) नयाँ ग्राहक वा प्याकेज परिवर्तनको हकमा भने नजिकैको नेपाल टेलिकमको कार्यालयमा सम्पर्क राख्नु पर्छ।

## घरबाटै वार्षिक प्याकेज नवीकरण गर्दा मोबाइलमा निःशुल्क डाटा कसरी प्राप्त गर्न सकिन्छ ?

वार्षिक प्याकेज घरबाटै नवीकरण गर्दा दैनिक रुपमा मोबाइलमा प्राप्त हुने निःशुल्क डाटा प्राप्त गर्नका लागि *1416# डायल गरेर त्यसपछि ३ डायल गरी Subscriber Number इन्ट्री गर्नु पर्छ। नेपाल टेलिकम मोबाइल एपबाट पनि यो कार्य गर्न सकिन्छ।

## एनटी फाइबर सम्बन्धी विभिन्न जानकारी कसरी लिन सकिन्छ ?

एनटी फाइबरमा उपलब्ध ब्यालेन्स, प्याकेज लगायतका विभिन्न जानकारी लिनका लागि मोबाइलबाट युएसएसडी कोड *1416# डायल गरेर विभिन्न जानकारी लिन सकिन्छ। त्यसैगरी नेपाल टेलिकम एपबाट पनि यस सम्बन्धी जानकारी लिन सकिन्छ।

- यदि माथि दिइएका सुझावहरु प्रयोग गरेर पनि समस्या समाधान नभएमा ग्राहक सेवा नम्बर १४९८, जडान तथा मर्मत सम्भार नम्बर १९८ तथा नजिकैको नेपाल टेलिकमको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

# ना.प्र.नि. बिनिता श्रेष्ठ सेवानिवृत्त

उमेर हदका कारण नेपाल टेलिकमबाट सेवानिवृत्त हुनुभएका नायब प्रबन्ध निर्देशक बिनिता श्रेष्ठलाई गत बैशाख २५ गते कम्पनीको केन्द्रीय कार्यालयमा एक कार्यक्रमको आयोजना गरी बिदाई गरिएको छ।

बिदाई कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले फूलको गुच्छा र मायाको चिनो प्रदान गरी उहाँलाई बिदाई गर्नुभएको हो। सो अवसरमा प्रबन्ध निर्देशक अर्यालले सेवा निवृत्त ना.प्र.नि. श्रेष्ठको सुखमय निवृत्त जीवनको कामना गर्दै टेलिकममा रहँदाको उहाँका अनुकरणीय अनुभवको उच्च मूल्याङ्कन गर्दै सधैं मार्गदर्शनको रुपमा लिइने बताउनु भयो।

बिदाई कार्यक्रममा सेवानिवृत्त ना.प्र.नि. बिनिता श्रेष्ठले कम्पनी प्रवेश गर्दादेखि अवकाशको अवधिसम्मका आफ्ना महत्वपूर्ण क्षणहरुको स्मरण गर्दै कम्पनीका महत्वपूर्ण परियोजनाहरु सम्पन्न गर्नमा आफूले खेलेको भूमिकाप्रति सन्तोष व्यक्त गर्नुभएको थियो। कम्पनीले विभिन्न प्रकारका सेवा उपलब्ध गराउने क्रममा आफूले महत्वपूर्ण भूमिका निर्वाह गरेको र ती सेवा अहिले पनि



प्रभावकारी रहेको बताउँदै आगामी दिनमा समेत यसबाट सेवाग्राहीले महत्वपूर्ण फाइदा लिन सक्ने विश्वास उहाँले व्यक्त गर्नुभयो। सो अवसरमा उहाँले कम्पनीलाई सधै प्रतिस्पर्धी र सेवाग्राहीमैत्री बनाउनका लागि आवश्यक सुझावहरु समेत प्रदान गर्नुभएको थियो।

उहाँ ५८ वर्षे उमेर हदका कारण अवकाश हुनुभएको हो। सेवानिवृत्त ना.प्र.नि. श्रेष्ठ २०४८ असार २७ गते स्थायी रुपमा सेवा प्रवेश गर्नुभएको थियो। उहाँ कम्पनीको प्रमुख व्यावसायिक अधिकृतको रुपमा कार्यरत रहँदा २०८१ वैशाख २६ गतेदेखि सेवानिवृत्त हुनुभएको हो।


सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, मासिक रूपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ।

**Published by:** Nepal Telecom, Office of CCO, Information & Publication Section
Co-ordinator : Hari Dhakal
Joint Co-ordinator : Parmatma Bhattarai

Editor : Santosh Khanal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal